# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नम्बरः ६१/२०८०/०८१

## कृषिजन्य उत्पादनको प्रदर्शनी हुने सम्बन्धी सूचना।।

(प्रकाशित मितिः २०८०/०८/१८ गते)

चन्द्रकोट-४ मा रहेको श्री उदय शान्ति यूवाक्लबको आयोजनामा यहि २०८० मंसिर २३ देखि २७ गते सम्म चन्द्रकोट गाउँपालिकाको वडा नं.-४ शान्तिपुरमा संचालन हुने चक्रेश्वर मेलाको अवसरमा यस चन्द्रकोट गाउँपालिका गुल्मीको तर्फबाट कृषिजन्य उत्पादनको प्रदर्शनी साथै उत्कृष्ट कृषकहरु छनौट गरी पुरस्कृत समेत गरिने हुने हुँदा उक्त मेलामा रहेन गाउँपालिकाको कृषि विकास शाखाका स्टलहरुमा आफुले उत्पादन गरेका उत्कृष्ट कृषि उपजहरुको प्रदर्शनी गराई सहभागिता जनाउनुहुन सम्पूर्ण कृषक एवम् कृषि सहकारी संस्थाहरु कृषि फर्महरुलाई हार्दिक अनुरोध गर्दछौं। प्रदर्शनीमा राखे कृषि उपजहरु नबिग्रने तरिकाले प्रदर्शनी स्थलसम्म ल्याउन समेत अनुरोध गर्दछौं।

**प्रतियोगितामा समावेश गरिने कृषि उपजहरु निम्न प्रकारको हुनपर्नेछ**

| उत्पादित बस्तुको नाम | न्यूनतम मापदण्ड |
|---|---|
| खाधान्न बाली | माटो सहितको बोट/बाला/घौंगा सहित हुनुपर्ने |
| तरकारी बालीः | माटो सहितको बोट/झुप्पा सहितको तरकारी बाली |
| फलफुल बालीः | फलको झुप्पा/हाँगा सहित हुनुपर्ने |
| आलु बालीः | माटो सहितको बोट सँगै आलुका दाना हुनुपर्ने |
| दलहन तथा नगदेबालीः | माटो सहितको बोट/हंगा/फल सहित हुनुपर्ने |
| विविध बालीः | बल/मुडा सहितको फलेको च्याउ/मौरीको फ्रेम सहितको चाका/अन्य |
| माछाः | कम्तिमा २ वटा जिउंदो माछा हुनुपर्ने |

**प्रदान गरिने पुरस्कारहरु:**

| | | | |
|---|---|---|---|
| प्रथम पुरस्कार | नगद रु १०,०००/- र प्रमाणपत्र | द्वितिय पुरस्कार | नगद रु ८,०००/- र प्रमाणपत्र |
| तृतिय पुरस्कार | नगद रु ५,०००/- र प्रमाणपत्र | सान्तवना पुरस्कार | नगद रु ३,०००/- र प्रमाणपत्र |

**दर्ता तथा प्रदर्शनी सम्बन्धि जानकारी**

| | |
|---|---|
| दर्ता गर्ने मितिः | २०८० मंसिर २२ गते दिनको ३:०० बजेभित्र |
| दर्ता गर्ने स्थानः | कृषि विकाश शाखा, चन्द्रकोट गाउँपालिका गुल्मी |
| प्रदर्शनी गर्ने अवधिः | २०८० मंसिर २४ गते बिहान १० बजेदेखि २०८० मंसिर २७ गते दिनको १:०० बजेसम्म |
| प्रदर्शनी स्थलः | चक्रेश्वर मेला लाग्ने स्थानको कृषि विकाश शाखाको प्रदर्शनी स्टल |

*पुनश्चः नामदर्ता गर्दा फोन मार्फत पनि गर्न सकिनेछ। उत्पादनहरु प्रदर्शनी अवधिको पहिलो दिनमै सम्बन्धित स्टलमा ल्याउनु पर्नेछ। कृषिजन्य उत्पादनको एकमुष्ठ मूल्याङ्कन हुनेछ र पुरस्कार रकममा नियमानुसार करकट्टा गरी पुस्कृत गरिनेछ। तोकिएको अवधिभित्र दर्ता नगर्ने उपजलाई प्रतियोगितमा समावेश गराउन सकिने छैन।*

साथै मेला अवधिभर कृषि तथा पशु उत्पादन सँग सम्बन्धित परामर्श सेवा साथै निःशुल्क औषधि वितरण समेत गरिनेछ।

**थप जानकारीका लागि**

सुवास अर्याल- कृषि शाखा प्रमुख- ९८५७०८५२७२

लक्ष्मण गुरुङ्ग- पशुसेवा शाखा प्रमुख ९८६०६०८३७१

..................

(सरोज भुसाल)

प्रमुख प्रशासकीय अधिकृत